राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३०७ | २०८३ साउन ४ गते सोमवार | (Monday, 20 July, | पुष्ठ ४ | मुल्य रु. ५




मधेशको कैलास 'टुटेश्वर' एवं नेपालको बाबाधामस्थित **टुटेश्वरनाथ महादेव मन्दिर**को दर्शन, पूजा–आराधना तथा श्रावणी बोलबम मेलामा सहभागी हुन आउनुहुने सम्पूर्ण श्रद्धालु भक्तजनहरूलाई हार्दिक स्वागत तथा मंगलमय शुभकामना ।

**सुरेन्द्र लामा**, *प्रोप्राइटर*

## एभरेष्ट डेरी एण्ड स्वीट हाउस

**मेनरोड बर्दिबास, महोत्तरी**

(कोषाध्यक्ष, बर्दिबास उद्योग वाणिज्य संघ)

फोन नं.: ०४४–५५०३३९, ९८६५१४०७४६



रू. १०० मा घ्यू भातसहितको खाना पाउने एकमात्र गन्तव्य 'एभरेष्ट डेरी एण्ड स्वीट हाउस'

यहाँ शुद्ध, सफा एवं ताजा मिठाइ, खाना, नास्ता, दही, पनिर र घ्यू आदि पाइन्छ ।

राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३०७ | २०८३ साउन ४ गते सोमवार | (Monday, 20 July, 2026) | पुष्ठ ४ | मुल्य रु. ५


### चारमहिनामा दुई महिलाको रहस्मय मृत्यु

# मृत्युसँगै खुल्यो होटलभित्रको यौन धन्दाको पर्दाफास

**विजय कुमार सिंह**

*ढल्केवर, साउन ३ गते ।*

गत असार २६ गते धनुषाको ढल्केवरस्थित माँ भवानी होटल एण्ड गेष्ट हाउसमा राति ९ बजेको समयमा एक महिला अचेत भइन् । प्रहरीका अनुसार ती महिलालाई उपचारका लागि जानकी मेडिकल कलेज लगिएकोमा चिकित्सकले मृत घोषणा गरे ।

मृत्यु भएकी महिला धादिङकी ५१ बर्षीया चेलीमाया तामाङ रहेको इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक लक्ष्मण केसीले जानकारी दिए । उनीसँगै कोठा लिएर बसेका सिन्धुपालचोकका ५० बर्षीय एबनारायण श्रेष्ठ प्रहरी नियन्त्रणमा रहेको उनले बताए ।

श्रीमान-श्रीमति भनेर होटलमा कोठा बुक गरेका ती दुबैजना भने पतिपत्नी नरहेको प्रहरीले पुष्टि गरेका छन् । महिलासँगै कोठामा बसेका एबनारायणलाई ज्यानसम्बन्धी कसुरमा अनुसन्धान गरिरहेको प्रहरी निरीक्षक केसीले बताए ।

माँ भवानी होटल एण्ड गेष्ट हाउसका सञ्चालक मुकुन्द अधिकारीले पनि ती पुरुष र महिला श्रीमान-श्रीमति भनेर कोठा लिएको बताउँछन् । 'पुरुषको सवारी लाइसेन्सको नम्बर टिपेर रुम दिएका थियौं । महिलाको डोकुमेन्ट मागेनौं । हाम्रो गल्ती त्यति हो,' सञ्चालक अधिकारी भन्छन्







'सिन्दुर पोते लगाका हुन्छन् । विवाह दर्ता नै माग्दै हिड्नु भएन । श्रीमान-श्रीमति नै होला भनेर विश्वास गर्‍यौं । घटनापछि त ती दुवैजना श्रीमान-श्रीमति होइन रछ भन्ने थाहा पाएँ ।'

गत चैत्र १८ गते ढल्केवरस्थित जुन तारा स्टाप लाइन होटलमा एक युवती मृत भेटिइन् । मुखबाट फिज निस्किएको अवस्थामा मृत फेला परेकी ती युवती पोखरा महानगरपालिका-१३, मियापाटीकी २३ वर्षीया जेनिसा विक थिइन् । जेनिसा ढल्केवरमा डेरा गरी बस्दै आएकी थिइन् । जेनिशालाई होटल सञ्चालक रामपुकार साहले फोन गरेर बोलाएपछि होटल पुगेको उनकी आमाले द पब्लिक टुडेलाई बताइन् । 'हामी आमा-छोरी तीन वर्षदेखि ढल्केवरमा बस्दै आएका छौं । ग्राहक आएपछि छोरीलाई फोन आउँथ्यो । रामपुकार र अरु होटलबालाहरुले पनि फोन गर्थ्यो । आजपनि छोरीलाई रामपुकारले फोन गरेर बोलाएको थियो । घटनापछि होटलबाट रामपुकारसँगै तीनजना भागेको छ,' घटनाकै दिन जेनिशाकी आमाले द पब्लिक टुडेसँग भनेकी थिइन् । अहिले त्यो होटल नियमित रुपमै सञ्चालनमा छ ।

चार महिनाको अन्तरालमा धनुषाको ढल्केवरस्थित दुई फरक होटलमा दुई महिलाको रहस्यमय मृत्यु घटनाले ढल्केवरमा होटल व्यवसायको आडमा भइरहेको अवैध क्रियाकलापलाई नंग्याइदिएको छ । ढल्केवरका अधिकांश होटलमा अवैध यौन धन्दा भइरहेको व्यापक जनगुनासो भएपनि त्यसलाई नियन्त्रण गर्न होटल व्यवसायी, स्थानीय जनप्रतिनिधि, प्रहरीप्रशासन गम्भिर नबन्दा यहाँ यौन व्यवसायले बिक्राल रुप लिएको स्थानीहरु बताउँछन् । दुवै घटनाको अनुसन्धान प्रहरीले गरिरहेको भए पनि यस्ता घटना दोहोरिनुले होटल सञ्चालनको मापदण्ड, प्रहरी अनुगमन, स्थानीय सरकारको नियमन तथा होटल व्यवसायको आडमा हुने अवैध गतिविधिमाथि गम्भीर प्रश्न उठाएको छ । ढल्केवर मधेश प्रदेशको राजधानी जनकपुरधाम र पूर्व-पश्चिम राजमार्ग जोडिने महत्वपूर्ण व्यापारिक केन्द्र हो । दैनिक हजारौं यात्रु आउने-जाने यस क्षेत्रमा दर्जनौं होटल तथा गेष्टहाउस सञ्चालनमा छन् । तर ती होटलहरूले अतिथिको पहिचान, अभिलेख व्यवस्थापन र कानुनी प्रक्रिया कत्तिको पालना गरिरहेका छन् भन्ने विषयमा प्रभावकारी अनुगमन भएको देखिँदैन ।

ढल्केवरकै केही होटलमा युवतीहरु राखेर विभिन्न होटलहरुमा माग अनुसार युवती सप्लाई गर्ने गरेको विश्वसनीय स्रोतको दावी छ । ती स्रोतले भने 'सबै प्रहरीप्रशासनको सेटिङमा चलेको छ । उनीहरुलाई प्रहरीकै घुमुवाले सबै खबर दिन्छन् । कसले प्रहरीलाई खबर गर्‍यो भन्ने कुरा होटलबालालाई थाहा भईहाल्छ । सेटिङ छैन भने त्यो कसरी सम्भव भयो ।' यद्यपि प्रहरीको सेटिङको विषयलाई इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक केसी अस्वीकार गर्छन् । 'यो विषयमा स्थानीयको गुनासो छ । तर हामी नियमित रुपमै निगरानी राखेका छौं । चेकजाँच गर्दा बाहिर भने जस्तो पाइएको छैन,' प्रहरी निरीक्षक केसीले अन्नपूर्णसँग भने ।

ढल्केवर क्षेत्रमा सञ्चालित डान्सबारले पनि समाजमा विकृति फैलाएको भन्दै स्थानीयहरु आन्दोलनको तयारीमा जुटेका छन् । गत वर्षपनि अश्लीलता फैलाएको भन्दै स्थानीयहरुले दुईवटा डान्सबारमा तोडफोड गरेका थिए । 'डान्सबारका युवतीहरु मिर्मिरे बिहानीको समयमा भित्री बस्त्रमै बाहिर डुल्छन् । अस्वभाविक हाउभाउ देखाउँछन् । हाम्रो छोरीचेली त्यहीँ बाटो भएर रुएर विद्यालय जाने गरेको छ,' नाम उल्लेख नगर्ने शर्तमा मिथिला नगरपालिका वडा नं ५ श्रीपुरका एक स्थानीयले आक्रोश पोख्दै भने 'जनप्रतिनिधिहरु पनि निर्लज्ज भइसकेका

*- बाँकी पृष्ठ ३ मा*

# मधेशको कैलास टुटेश्वरधाममा बोलबम मेला

**गोपालप्रसाद बराल**

*टुटेश्वर, साउन ४ गते ।*

यसपालिको साउने मेलाको आज पहिलो सोमबार । महोत्तरीको बर्दिबास-५ टुटेश्वर सिरानको चुरे पर्वत श्रेणीको थुम्को अवस्थित टुटेश्वरनाथ महादेव मन्दिरमा श्रद्धालु खचाखच छन् ।

साउन हिन्दू परम्पराका आराध्य देव शिवजीको अत्यन्त प्रिय महिना मानिन्छ । यो महिनाको सोमबारको त झन विशेष महिमा छ । साउने बोलबम मेला स्थापित पर्व परम्परा नै रहँदै आएको छ ।

यसै परम्पराको निरन्तरताअनुसार आज 'मधेशको कैलास' र 'नेपालको बाबाधाम' पनि भनिने टुटेश्वरनाथमा श्रद्धालुको लाम छ ।

टुटेश्वरनाथ शिवलिङ्ग अति प्राचीन मानिन्छ । यसलाई त्रेतायुगका विदेहराज



शिरध्वज जनकको समयसँगै बुढापाकाले जोड्ने गरेका छन् । अझ पछि द्वापर युगमा त वनवासमा रहेका पाण्डव गुप्तबास जानअघि भगवान शिवको यहीं आशिर्वाद पाएका यहाँ विश्वास गरिन्छ ।

'यहीं नै अर्जुनले तपस्या गर्दा किरातरुप शिवजीको दर्शन पाएका विश्वास गरिन्छ' बर्दिबास-५ चेरुका बासिन्दा तथा पूर्वीय दर्शनका जानकार ८० वर्षीय भोगेन्द्रराज पौडेल भन्छन्, 'यो ठाउँ दिव्य छ, यसका पौराणिक तथा पुरातात्विक महत्वका भनाइ,

*- बाँकी पृष्ठ ३ मा*

# लहानमा रासायनिक मलको पर्याप्त मौज्दात



**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, साउन ३ गते ।*

लहानस्थित कृषि सामग्री कम्पनी लिमिटेडले मलको पर्याप्त मौज्दात रहेको स्पष्ट गर्दै थप आपूर्ति पनि हुने बताएको छ ।

आर्थिक वर्षमा १६ हजार ८४० दशमलव ३७५ मेट्रिक टन रासायनिक मल बिक्री गरेको जनाउँदै कम्पनीले हाल ५५ दशमलव ६०० मेट्रिक टन युरिया, २१९ दशमलव ६५० मेट्रिक टन डीएपी, ८६ दशमलव ६५० मेट्रिक टन पोटास र ७८ दशमलव ७७५ मेट्रिक टन कृषि चुन मौज्दात रहेको बताएको छ ।

कार्यालय प्रमुख चेवन खड्काका अनुसार मलको नियमित आपूर्तिलाई व्यवस्थित बनाइएको छ । कृषि उत्पादन वृद्धि गर्न किसानलाई समयमै मल र अन्य कृषि सामग्रीको अभाव नहुने उनले बताए ।

## सम्पादकिय............

# बजेट खर्च नगरी समृद्धि सम्भव छैन

नेपालमा बजेटको आकार बर्सेनि बढ्दै गएको छ, तर त्यसलाई कार्यान्वयन गर्ने सरकारी क्षमता भने त्यही अनुपातमा बलियो बन्न सकेको छैन । बजेटमा महत्वाकांक्षी लक्ष्य राखिन्छन्, तर वर्षको अन्त्यमा उपलब्धि निराशाजनक देखिन्छ । यो प्रवृत्ति निरन्तर दोहोरिनु मुलुकको अर्थतन्त्र र विकास प्रक्रियाका लागि गम्भीर चेतावनी हो । गत आर्थिक वर्षमा सरकारले करिब १९ खर्ब ६४ अर्ब रुपियाँ खर्च गर्ने लक्ष्य राखेकोमा आर्थिक वर्षको अन्त्यसम्म १५ खर्ब ८२ अर्ब रुपियाँ मात्र खर्च भयो । लक्ष्यको करिब ८० प्रतिशत खर्च हुँदा ३ खर्ब ८२ अर्ब रुपियाँभन्दा बढी बजेट उपयोग हुन सकेन । यो रकम खर्च हुन नसक्नु केवल बजेट फ्रिज भएको विषय होइन, सरकारले घोषणा गरेका विकासका प्रतिबद्धता अधुरै रहेको प्रमाण पनि हो ।

राजस्व संकलनको अवस्था पनि उत्साहजनक छैन । संशोधित लक्ष्यअनुसार करिब १४ खर्ब ८० अर्ब रुपियाँ राजस्व उठाउने अपेक्षा गरिए पनि प्राप्ति १२ खर्ब ८० अर्ब रुपियाँमा सीमित रह्यो । निजी क्षेत्रको सुस्त लगानी, कमजोर उत्पादन, आयातमा आएको कमी र समग्र आर्थिक गतिविधिको संकुचनले राजस्व वृद्धिदरसमेत कमजोर बनाएको छ । सबैभन्दा चिन्ताजनक अवस्था पुँजीगत खर्चमा देखिएको छ । सडक, पुल, ऊर्जा, सिँचाइ, विद्यालय, अस्पतालजस्ता पूर्वाधार निर्माणका लागि विनियोजित बजेटको आधाभन्दा कम खर्च हुनु विकास व्यवस्थापनको गम्भीर कमजोरी हो । विकास बजेट खर्च हुन नसक्दा रोजगारी सिर्जना, उत्पादन वृद्धि र आर्थिक गतिविधि विस्तारमा प्रत्यक्ष असर पर्छ ।

नेपालमा समस्या बजेटको अभावभन्दा पनि कार्यान्वयन क्षमताको अभाव हो । त्यसैले अब ठूलो बजेट प्रस्तुत गर्नुभन्दा समयमै योजना छनोट, जग्गा अधिग्रहण, ठेक्का व्यवस्थापन र जिम्मेवारी निर्धारणमा सुधार आवश्यक छ । बजेट खर्च नगरी विकास र समृद्धिको सपना पूरा हुन सक्दैन । सरकारले अब बजेटको आकार होइन, खर्चको गुणस्तर र परिणामलाई प्राथमिकता दिनुपर्छ ।

## राशिफल

मेष - सामान जुटाउन सकिनेछ ।
वृष - सुख-सुविधा प्राप्त हुनेछ ।
मिथुन - दुविधाले निर्णायक मोड लिनेछ ।
कर्कट - समस्या सुल्झाउन सकिनेछ ।
सिंह - लक्ष्य पहिल्याउन सकिनेछ ।
कन्या - काम सजिलै सम्पादन हुनेछन् ।
तुला - काम सम्पादन गर्ने मौका छ ।
वृश्चिक - स्रोत पहिल्याउन सकिनेछ ।
धनु - कामबाट धनलाभ हुनेछ ।
मकर - स्वास्थ्य सबल रहनेछ ।
कुम्भ - निखार्ने अवसर प्राप्त हुनेछ ।
मिन - उपकार गर्न सकिनेछ ।

## चारमहिनामा दुई महिलाको...

छन् ।' यस्ता गतिविधिविरुद्ध निरिह भएर बस्न सक्ने अवस्था नरहेकोले अब आन्दोलन चर्काउने तयारीमा जुटेको ती स्थानीयले बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका ऱ्यापिड एक्सन टिम मिथिला नगरपालिकाका संयोजक सुनिल कुमार महतो ढल्केवरमा अवैध यौन क्रियाकलापले सीमा नाघेको बताउँछन् ।

उनले ढल्केवरमा भइरहेको अवैध क्रियाकलापलाई कटाक्ष गर्दै ढल्केवरको नाम परिवर्तन गरेर मिर्जापुर राख्नुपर्ने टिप्पणी गर्छन् । केहीदिन अघि सामाजिक सञ्जाल फेसबुकमै सुनिलले लेखेका थिए- 'ढल्केवरको नाम परिवर्तन गरी मिर्जापुर राख दिए हुन्छ । दिनदहाडै इलिगल गतिविधिहरु भैरहेको देखिन्छ ।'

मिथिला उद्योग वाणिज्य संघ ढल्केवरका अध्यक्ष मुन्ना कुमार सिंहले अबैध क्रियाकलाप नर्गन व्यवसायीहरुलाई सचेत गराइरहेको बताउँछन् । अबैध क्रियाकलापमा संलग्न व्यवसायीहरुलाई संघले कुनै किसिमको संरक्षण नगर्ने उल्लेख गर्दै अध्यक्ष सिंहले सचेत गराउँदा गराउँदै पनि त्यस्ता अबैध क्रियाकलाप गर्ने व्यवसायीलाई कारबाहीको प्रक्रियामा संघले सहयोग गर्ने बताए ।

'समग्र होटल व्यवसाय र व्यवसायीको प्रतिष्ठामा आँच आउने गरी अबैध क्रियाकलाप गर्ने र गराउने व्यवसायीलाई पहिचान गरेर कानूनी दायरामा ल्याउने हाम्रो पनि दायित्व हो । त्यसमा हामी दृढ भएर लागेका छौं,' अध्यक्ष सिंहले भने 'केही गलत तत्वकै कारण समग्र होटल व्यवसायीलाई एकै नजरले हेर्नुहुँदैन ।'

## मुक्त हरवा चरवाको...

अध्ययनअनुसार मधेस प्रदेशका आठ जिल्लामा एक लाखभन्दा बढी हरवा चरवा रहेको अनुमान छ । नेपाल सरकारले २०७९ साउन २ गते हरवा चरवा मुक्तिको घोषणा गरे पनि अधिकांश परिवार अझै भूमिहीन, नागरिकताविहीन तथा आधारभूत सेवाबाट वञ्चित रहेको भन्दै सम्मेलनले व्यावहारिक कार्यान्वयनमा जोड दिएको छ ।

सम्मेलनमा मधेस प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्यामप्रसाद पटेल, प्रतिनिधिसभा सदस्य गणेशबहादुर विश्वकर्मा, आठवटै जिल्लाका हरवा चरवा समुदायका प्रतिनिधि लगायतको सहभागिता रहेको थियो ।

## कांग्रेसको संस्थापन इतर...

लागि नियमित महाधिवेशन पक्षले निरन्तर प्रयास गर्ने, हदैसम्मको लचकता अपनाउने, संवादपश्चात् लामो धैर्यता पनि राख्ने गर्दा गदै विवादपश्चातको सात महिना र अदालतको फैसला पछिका चार महिना बितिसक्दा पनि विशेष महाधिवेशनबाट आएको नेतृत्वले कुनै सार्थक तथा उपलब्धिमूलक पहल गरेको वा गर्न चाहेको जस्तो नदेखिएको सो समूहको आरोप छ । पार्टीभित्र बलियो एकता कायम गरी नेपाली जनताको स्वतन्त्रता र नागरिक अधिकारको रक्षा गर्ने उद्देश्यले नीतिगत रुपमा राष्ट्रिय बहस र छलफल गरी नयाँ कार्यदिशा तय गर्न नियमित महाधिवेशन पक्षधरले यही साउन महिनाभित्र काठमाडौंमा राष्ट्रिय भेला आयोजना गर्ने निष्कर्षमा पुगेको जनाएको छ । उक्त भेलाको मिति, समय र स्थान साउन ६ गते हुने बिपी स्मृति दिवसको कार्यक्रममार्फत सार्वजनिक गरिने नेता विश्वकर्माले जानकारी दिए । सो समूहले भारी वर्षाका कारण देशभर बाढी, पहिरो र डुबानको जोखिम बढिरहेको अवस्थामा तत्काल उद्धार, राहत र क्षतिपूर्तिको व्यवस्था गर्न नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै आवश्यक सावधानी अपनाउन सबै नागरिकमा अपिल गरेको छ ।

## आर्थिक गतिविधि...

योगदान सबैभन्दा बढी ३६.७० प्रतिशत रहेको छ भने खानी तथा उत्खनन क्षेत्रको योगदान सबैभन्दा कम ०.१५ प्रतिशत छ । आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ९३२ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ । कृषि क्षेत्रतर्फ खाद्य तथा अन्य बालीको उत्पादन १४.०१ प्रतिशत तथा तरकारी एवं बागवानी उत्पादन ९.७९ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ। दूध, अण्डा र माछा उत्पादनमा पनि क्रमशः ३.१६, ९.६४ र ५.९५ प्रतिशतले वृद्धि भएको छ । यद्यपि फलफूल, मसला तथा मासु उत्पादनमा भने केही गिरावट आएको प्रतिवेदनले देखाएको छ । नेपाल राष्ट्र बैङ्कले सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा आर्थिक वर्ष २०८१/८२ मा भएका आर्थिक गतिविधिका तथ्याङ्कका आधारमा उक्त प्रतिवेदन तयार गरेको हो । प्रतिवेदनमा कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकाससँग सम्बन्धित प्रमुख क्षेत्रको अवस्था, चुनौती र सम्भावनाको विश्लेषण गरिएको छ । सरकारी कार्यालय, सम्बन्धित परियोजना तथा उद्योग-प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका साथै सरोकारवालासँगको अन्तरक्रिया र सर्वेक्षणबाट प्राप्त निष्कर्षका आधारमा प्रदेशको समग्र आर्थिक अवस्था र आगामी आर्थिक वर्षको परिदृश्यसमेत प्रस्तुत गरिएको छ ।

## मधेशको कैलास...

जनश्रुति र विश्वासबारे अझ प्रचार आवश्यक छ ।'

बर्सेनि साउन महिना, महाशिवरात्री र बालाचतुर्दशी यस ठाउँका विशेष मेलाका अवसर हुन् । साउनमै यहाँ पछिल्ला पाँच वर्षयता बर्सेनि २० लाखको हाराहारीमा श्रद्धालुले दर्शन गर्ने गरेका अड्कल गरिएको छ ।

यसपालि मन्दिर परिसरको सरसफाइ, रङ्गरोगन र मेलाका लागि पसलका स्टल राखिने टहरा व्यवस्थापनको काम पहिलेदेखि नै थालिएको हुँदा श्रद्धालुहरुको आकर्षण अझ बढ्ने टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समितिको ठम्याइ छ ।

'यसपालि यो धामबारे सार्वजनिक चासो झनै बढेको छ' समितिका अध्यक्ष राजाराम यादव भन्छन्, 'सामाजिक सङ्घसंस्था, जनप्रतिनिधि र प्रशासनिक निकायले साझा चासो बढाएका छन् , यसले टुटेश्वरबासीलाई हौस्याएको छ ।'

यसबीचमै बोलबम मेलाको सुरक्षा तथा व्यवस्थापकीय पक्षबारे प्रदेशका मन्त्री, सङ्घीय साँसद, जिल्लाका प्रमुख प्रशासक, स्थानीयतहका जनप्रतिनिधि र सामाजिक सङ्घसंस्थाका अगुवाहरुले यसपालि चासो लिएका यादवको भनाइ छ ।

'हाम्रै क्षेत्रबाट निर्वाचित प्रतिनिधिसभा सदस्य प्रमोदकुमार महतो, मधेश प्रदेशका यातायात तथा श्रम मन्त्री शारदा थापा , स्थानीय जनप्रतिनिधि, जिल्लाका प्रमुख जिल्ला अधिकारी र जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु मेला तयारीको अवलोकनका लागि निरन्तर आइरहनु भएको छ' अध्यक्ष यादव भन्नुहुन्छ, 'यसले समिति र टुटेश्वरबासीमा हौसला बढाएको छ ।' यसपालि गत शुक्रबार सौरमास गणनाले साउन सुरु भएको छ । साउने बोलबम मेला विशेष रुपमा साउनका प्रत्येक सोमबार लाग्ने परम्परा छ । यसपालिको पहिलो सोमबार आज परेको हो । साउने मेलाका तयारीमा शिवालयहरुको अवलोकन गरेकाका महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले सुरक्षा व्यवस्था चुस्त बनाइने बताए ।

'साउने बोलबम मेलामा सुरक्षा व्यवस्था चुस्त बनाइएको छ' प्रजिअ यादव भन्छन्, 'नेपाल प्रहरी र सशस्त्र प्रहरी सुरक्षा व्यवस्थामा तैनाथ रहनेछन् ।'

यसपालि साउने बोलबम मेला विशेष र व्यवस्थित बनाउन टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समितिले सरसफाइ, साजसजा र रङ्गरोगनका कामलाई व्यवस्थित गरेको छ ।

अहिले 'मधेशको कैलास' सरसफाइ र रङ्गरोगनले झकिझकाउ देखिदो छ ।

शिव भक्ति र आराधनाको महिना साउन सौरमास गणनाले गत शुक्रबार नै सुरु भएपनि चन्द्रमास गणनाले साउन १४ गतेमात्र सुरु हुनेछ । यसअनुसार भदौ १२ गते साउने पूर्णिमासँगै यसपालि साउन सकिने छ ।

टुटेश्वरनाथमा जल चढाउन श्रद्धालुले कमला, बागमती र रातु नदीबाट पवित्र जल ल्याएका छन् । आजै बर्दिबासमा उल्टो साइकल चलाउने ख्याति पाउनुभएका बर्दिबास-१ का जीवनाथ पोखरेलले शिवजीलाई जल चढाउने बताए 'म रातुठाकुरमा जल भरेर उल्टो साइकल चलाएरै टुटेश्वरनाथ शिवलिङ्गमा जल चढाउने छु' पोखरेलले आइतबार साँझ नै सञ्चारकर्मीबीच भने, 'टुटेश्वरनाथको महिमाबारे जनचासो बढाउन र स्थानीय पर्यटन प्रबर्द्धन गर्ने मेरो उद्देश्य हो ।'

यस कार्यमा सबैपक्षबाट सकारात्मक चासो र सहयोग प्राप्त हुने उनले विश्वास व्यक्त गरे । पोखरेलले आज सोमबार बिहान नौ बजे पहिले नै जल चढाइसक्ने बताए । चुरे क्षेत्रका शिवालय र धार्मिकस्थल यहाँको पर्यटन विकासका सम्भावना रहेका नेपाल होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरीका अध्यक्ष गुञ्जबहादुर कार्की बताए ।

'मिथिला क्षेत्र प्राचीन संस्कृति र सम्पदाले भरिपूर्ण छ, यिनका महत्वलाई उजागर गर्दै यहाँ पर्यटन प्रबर्द्धनका काम बढाइन आवश्यक छ' कार्की भन्छन्, 'हाम्रो समृद्धिको मुख्य आधार नै पर्यटन भएको मधेश प्रदेश सरकार र स्थमनीयतहले आत्मसाथ गर्नपर्छ ।'

अहिले साउने मेलाको मौकामा विभिन्न सामाजिक सङ्घसंस्थाले खानेपानी, प्राथमिक उपचार तथा परामर्श सेवाका लागि टुटेश्वरमा शिबिर सञ्चालन गरेका छन् ।


## श्री राष्ट्रिय माध्यमिक विद्यालय कान्तिबजार

प्राविधिक शिक्षालय

गौशाला नगरपालिका-१२, (जि. महोत्तरी)

### शिक्षक भर्ना सम्बन्धी सूचना

यस विद्यालयको शिक्षक छनौट समितिको मिति २०८३/०४/०२ गतेको निर्णय अनुसार यस श्री रा.मा.वि. कान्तिबजारमा खुल्ला प्रतिस्पर्धाबाट प्रशिक्षक नियुक्तिका लागि मिति २०८३/०४/०३ गतेदेखि मिति २०८३/०४/०९ गतेसम्म विज्ञापन गरिएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले आफुले प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण-पत्रको प्रतिलिपि र हस्त लिखित निवेदन सहित तपसिल विवरणको आधारमा दरखास्त आह्वान गरिन्छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा | विषय | न्यूनतम शैक्षिक योग्यता | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०१ | माद्वितीय शि.प्रशिक्षक | करार | बाली विज्ञान | मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातकोत्तर (M.Sc.Ag.) उत्तिर्ण | १ | दोस्रो पटक |

१. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
२. फौजदारी अभियोगमा अदालतद्वारा कसुरदार नठहरिएको
३. दर्खास्त दिने स्थान : श्री राष्ट्रिय मा. वि. कान्तिबजार, (कार्यालय समयमा )
४. परीक्षाको किसिम : लिखित, मौखिक तथा कक्षा अवलोकन ।
५. परिक्षा दस्तुर रु.१६००/-
६. सम्पर्क मिति : २०८३/०४/१० गते
७. परिक्षा मिति : सम्पर्क मितिको दिन तोकिने छ ।
८. तलब भत्ता : नियम अनुसार ।

*विशेष जानकारीका लागि श्री राष्ट्रिय मा.वि.कान्तिबजारको कार्यालय वा सम्पर्क नं.- ९८४४०३५९३५ मा सम्पर्क गर्नु होला ।*

**प्रधानाध्यापक**

# मुक्त हरवा चरवाको १० बुँदे बर्दिबास घोषणापत्र जारी

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, साउन ३ गते ।*

मुक्त हरवा चरवा समुदायको जलवायु न्याय, सामाजिक समावेशीकरण तथा भूमि र वन अधिकार सुनिश्चित गर्नुपर्ने लगायतका १० बुँदे 'बर्दिबास घोषणापत्र-२०८३' जारी गर्दै मधेस प्रदेशस्तरीय दलित अधिकार सम्मेलन सकिएको छ ।



आदिवासी जनजाति तथा स्थानीय समुदायका लागि समर्पित अनुदान संयन्त्र (डिजिएम) नेपालको सहयोग र राष्ट्रिय दलित नेटवर्क नेपालको आयोजनामा महोत्तरीको बर्दिबासमा सम्पन्न मुक्त हरवा चरवा लक्षित प्रदेशस्तरीय जलवायु न्यायमा आधारित दलित अधिकार सम्मेलनले सो घोषणापत्र जारी गरेको हो ।

घोषणापत्रमा मुक्त हरवा चरवा समुदायको वास्तविक पहिचान, प्रमाणीकरण, सामाजिक समावेशीकरण तथा जलवायु न्यायसँग सम्बन्धित अधिकारलाई व्यवहारमै कार्यान्वयन गर्न सरकारसँग माग गरिएको छ । यस्तै हरवा चरवा लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण निर्देशिका-२०८०' तत्काल राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याउनुपर्ने, भूमिहीन तथा बसोबासविहीन परिवारको वैज्ञानिक रूपमा भूमि पहिचान गरी व्यवस्थित बसोबासको व्यवस्था गर्नुपर्ने तथा मधेस प्रदेशका आठवटै जिल्लामा तथ्याङ्क सङ्कलन र परिचयपत्र वितरण अभियान संचालन गर्नुपर्ने माग घोषणापत्रमा गरिएको छ । घोषणापत्रमा नेपालले कार्यान्वयन गरिरहेको उत्सर्जन न्यूनीकरण कार्यक्रम तथा लाभ बाँडफाँट योजनामा मुक्त हरवा चरवा समुदायको समानुपातिक सहभागिता सुनिश्चित गनुपर्ने, वनमा आधारित लाभ वितरणमा पारदर्शिता कायम गर्न र सामुदायिक वन व्यवस्थापनमा समुदायको प्रतिनिधित्व बढाउनुपर्नेमा मागसमेत घोषणापत्रमा गरिएको छ ।

घोषणापत्रमा नागरिकता, शिक्षा, स्वास्थ्य बिमा, सामाजिक सुरक्षा तथा सम्मानजनक रोजगारीका लागि छुट्टै बजेट व्यवस्था गर्नुपर्ने, साहुको चर्को ब्याजको ऋणबाट समुदायलाई मुक्त गराउन कानुनी व्यवस्था कडा बनाउनुपर्ने तथा सहकारी र कृषि व्यवसायमार्फत आयआर्जनका अवसर विस्तार गर्नुपर्ने उल्लेख गरिएको छ ।

हरवा चरवा महिलाको नीति निर्माण, अनुगमन समिति तथा निर्णय प्रक्रियामा कम्तीमा ५० प्रतिशत सहभागिता सुनिश्चित गर्नुपर्ने, बाढी, डुबान र खडेरीजस्ता जलवायुजन्य विपद्बाट प्रभावित बस्तीलाई स्थानीय अनुकूलन योजना तथा विपद् व्यवस्थापन कार्यक्रममा प्राथमिकता दिनुपर्ने माग पनि घोषणापत्रमा समेटिएको छ ।

मधेस प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा उल्लेख गरिएका प्रतिबद्धता र घोषणापत्रका माग कार्यान्वयनको नियमित समीक्षा गर्न प्रदेश सरकार, सम्बन्धित मन्त्रालय र समुदायका प्रतिनिधि सम्मिलित संयुक्त अनुगमन संयन्त्र गठन गर्नुपर्ने प्रस्ताव पनि घोषणापत्रमा अघि सारिएको छ ।

अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) ले सन् २०१३ मा गरेको

- बाँकी पृष्ठ ३ मा

# सञ्चयकोषमा निजी कर्मचारी समेट्न होटल व्यवसायी सक्रिय

नारायण घिमिरे

*बर्दिबास, साउन ३ गते ।*

निजी क्षेत्रमा कार्यरत कर्मचारीहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन महोत्तरीका होटल व्यवसायीहरूले सक्रियता देखाएका छन् । आइतबार बर्दिबासस्थित गुञ्ज होटलमा होटल तथा पर्यटन व्यवसायी सङ्घ, महोत्तरीले निजी क्षेत्रका कर्मचारीलाई कर्मचारी सञ्चयकोषमा कसरी आबद्ध गराउने भन्ने विषयमा बृहत् छलफल गरेको हो ।



सङ्घका जिल्ला अध्यक्ष गुञ्जबहादुर कार्कीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ, मधेस प्रदेशका अध्यक्ष हिरालाल गौतमको विशेष उपस्थिति रहेको थियो । कार्यक्रममा कर्मचारी सञ्चयकोष मधेस प्रदेश कार्यालयका प्रमुख अर्जुन निरौलाले बोल्दै कोषका फाइदा र कानुनी व्यवस्थाबारे जानकारी गराएका थिए ।

कार्यक्रममा सञ्चयकोषका कार्यालय प्रमुख अर्जुन निरौलाले निजी क्षेत्रका कर्मचारी कोषमा आबद्ध भएमा उनीहरूले पनि सरकारी कर्मचारी सरहकै सेवा-सुविधा पाउने स्पष्ट पारे । निजी क्षेत्रका कर्मचारीको भविष्य र सामाजिक सुरक्षालाई सुनिश्चित गर्न यो योजना ल्याइएको चर्चा गर्दै उनले यसमा आबद्ध भएपछि कर्मचारीले सहुलियत ब्याजदरमा घर निर्माण, जग्गा खरिद, घर मर्मत तथा उच्च शिक्षाका लागि ऋण सुविधा प्राप्त गर्न सक्ने बताए । त्यस्तै, कर्मचारीले आफ्नो कोषमा जम्मा भएको रकमको ९५ प्रतिशतसम्म रकम विशेष सापटीका रूपमा समेत झिक्न पाउने व्यवस्था रहेको उनको भनाइ थियो ।

प्रमुख निरौलाले सञ्चयकर्ताले पाउने अन्य कल्याणकारी सुविधाहरूबारे पनि विस्तृत जानकारी दिए । जसअन्तर्गत सामान्य रोग लागेर अस्पताल भर्ना हुनुपरेमा वर्षमा एक पटक १ लाख रुपैयाँसम्म र घातक रोग लागेमा अधिकतम १० लाख रुपैयाँसम्मको उपचार खर्च शोधभर्ना हुने व्यवस्था छ । यसैगरी दुर्घटनामा परी मृत्यु भएमा हकवालालाई २ लाख रुपैयाँ र काजकिरिया खर्च बापत ४० हजार रुपैयाँ आर्थिक सहायता मिल्नेछ भने दुई पटकसम्म बच्चा जन्मिँदा प्रत्येक पटक ७ हजार ५ सय रुपैयाँ सुत्केरी भेट उपलब्ध गराइनेछ । यति मात्र नभई, आफ्ना कर्मचारीलाई कोषमा आबद्ध गराउने रोजगारदाता संस्थाहरूलाई व्यवसाय विस्तार वा पूर्वाधार विकासका लागि आवश्यक परेमा कोषले सस्तो ब्याजदरमा १० करोड रुपैयाँसम्म बढीको संस्थागत ऋण समेत लगानी गर्न सक्ने उनले उल्लेख गरे ।

कार्यक्रममा बोल्दै नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ, मधेस प्रदेशका अध्यक्ष हिरालाल गौतमले आफ्नो मातहतका होटल तथा रिसोर्टमा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई सञ्चयकोषमा आबद्ध हुन अनुरोध गरे । सङ्घका महोत्तरी अध्यक्ष गुञ्जबहादुर कार्कीले कर्मचारीको सामाजिक सुरक्षाका लागि कोषसँग सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता जनाए ।

WE ARE HIRING
आवश्यकता
कान्तिपुर डिजिटल कलर ल्याब
बर्दिवास, महोत्तरी
- कम्प्यूटर अपरेटर - २
- रिसेप्शनिष्ट (Female)- २
तलब :
आपसी समझदारीमा
Send Your Resume
kantipur33@gmail.com
सम्पर्क नं. ९८५४०२०५९५, ९८०१६२०५९५

# कांग्रेसको संस्थापन इतर पक्षले बिपी कोइरालाको स्मृति दिवस छुट्टै मनाउने

राष्ट्रिय समाचार समिति

*काठमाडौँ, साउन ३ गते ।*

नेपाली कांग्रेसको संस्थापन इतर पक्षले यही साउन ६ गते संस्थापक नेता एवं प्रथम जननिर्वाचित प्रधानमन्त्री जननायक बिपी कोइरालाको ४४औँ स्मृति दिवस छुट्टै मनाउने भएको छ ।

काठमाडौँको प्रज्ञा भवन कमलादीमा दिवसको समारोह आयोजना गर्न पार्टीका पूर्वउपसभापति एवं पूर्वउपप्रधानमन्त्री प्रकाशमान सिंहको संयोजकत्वमा आयोजक समिति गठन गरिएको सो समूहका प्रचारप्रसार समिति संयोजक मीन विश्वकर्माले जानकारी दिए । साथै आवश्यकताअनुसार प्रचारप्रसार समिति, व्यवस्थापन समितिलगायत विभिन्न समितिहरु गठन गरिने उनले बताए ।

कांग्रेसका केन्द्रीय निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काको संयोजकत्वमा १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिका निवर्तमान पदाधिकारी तथा सदस्यहरुलगायतको उपस्थितिमा १५औँ महाधिवेशन तयारी सम्पर्क कार्यालयमा बसेको बैठकले सो निर्णय गरेको हो ।

सो समूहले पार्टीभित्र उत्पन्न पछिल्लो परिस्थितिका बाबजुद धैर्यता अपनाई निरन्तर पार्टी एकताको प्रयास गरिरहेको आइतवार पत्रकार सम्मेलन आयोजना गरी जनाएको छ । "निर्वाचन आयोगको निर्णय र सर्वोच्च अदालतको फैसला आउँदा पनि विधिको शासन र न्यायिक स्वतन्त्रताको पालना गर्दै पार्टी एकताकै लागि पहल गरिरहेका छौँ, आयोग र अदालतबाट मान्यता पाएको पक्षबाट भेटघाट, वार्ता र संवादका विषयमा सार्वजनिक हल्ला भएजस्तो सम्बन्धित पक्षसँग औपचारिक भेटघाट गरेको, ठोस प्रस्ताव राखेको अवस्था होइन, छैन", नेता मीन विश्वकर्माद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

पार्टी एकताको विषयलाई लिएर नियमित महाधिवेशनका पक्षधरहरुले दिनानुदिन नयाँ र मान्नै नसकिने प्रस्तावहरु अघि सारेर एकतालाई असहज बनाए भनी चलाएका बजार हल्लाहरु निराधार, मिथ्या र भ्रामक भएको सो समूहको दाबी छ । पार्टी एकताका

- बाँकी पृष्ठ ३ मा

# आर्थिक गतिविधि विस्तारमार्फत जीडीपी बढाउने

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, साउन ३ गते ।*

कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा मधेस प्रदेशको करिब १३ प्रतिशत योगदानलाई वृद्धि गर्न प्रदेश सरकारले आर्थिक गतिविधि विस्तार, उत्पादन वृद्धि तथा निजी क्षेत्रको लगानी प्रोत्साहनलाई प्राथमिकतामा उच्च प्राथमिकतामा राखेर तदनुरुप कार्यारम्भ गरेको छ ।

प्राकृतिक स्रोत, उर्वर कृषि भूमि, प्रशस्त श्रमशक्ति तथा सीमापार व्यापारको पर्याप्त सम्भावना हुँदाहुँदै पनि प्रदेशको आर्थिक क्षमता पूर्ण रूपमा उपयोग हुन नसकेको निष्कर्षसहित सरकारले उत्पादनशील क्षेत्रको विस्तार, औद्योगिकीकरण र लगानी प्रवर्द्धनका कार्यक्रम अघि बढाएको हो ।

मधेस प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेले प्रदेशको जिडिपी बढाउन उत्पादनशील क्षेत्रको विस्तारसँगै पर्यटन प्रवर्द्धनमा विशेष जोड दिइएको बताए । "प्रदेशमा उद्योग, व्यापार र सेवा क्षेत्रमा लगानी बढाउन हामीले प्राथमिकता दिएका छौँ," उनले भने, "गत आर्थिक वर्ष २०८२/८३ मा लगानी सम्मेलनका लागि बजेट विनियोजन भए पनि विभिन्न कारणले आयोजना गर्न सकिएन । उद्योग-व्यवसायमा पर्याप्त लगानी भित्र्याउन नसकेसम्म प्रदेशको जिडिपी उल्लेखनीय रूपमा बढाउन सकिँदैन । त्यसैले चालु आर्थिक वर्ष २०८३/८४ मा लगानी सम्मेलन आयोजना गर्ने योजना बनाएका छौँ ।"

उनका अनुसार प्रदेशका पर्यटकीय क्षेत्रको पहिचान, स्तरोन्नति तथा बढीभन्दा बढी पर्यटक आकर्षित गर्ने कार्यक्रम पनि सञ्चालन गरिनेछ । साथै औद्योगिक पूर्वाधार विकास, कृषि उपजमा आधारित उद्योग स्थापना, साना तथा मझौला उद्यम प्रवर्द्धन, सीमावर्ती व्यापार व्यवस्थापन तथा लगानीकर्तालाई प्रशासनिक सहजीकरण उपलब्ध गराउने कार्यक्रमलाई सरकारले प्राथमिकतामा राखेको छ ।

कृषि आधुनिकीकरण, सिंचाइ विस्तार, औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्र विकास, पर्यटन प्रवर्द्धन, सीमा व्यापार व्यवस्थापन, लगानीमैत्री कानुनी वातावरण निर्माण तथा निजी क्षेत्रसँगको साझेदारीमार्फत आर्थिक गतिविधि विस्तार गर्ने लक्ष्य प्रदेश सरकारले लिएको उनले बताए ।

मधेस प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. भोगेन्द्र झाले लगानी सम्मेलनजस्ता कार्यक्रमले प्रदेशमा लगानीको वातावरण निर्माण गर्न सकारात्मक भूमिका खेल्ने बताए । उनले लगानी प्रतिबद्धतालाई वास्तविक परियोजनामा रूपान्तरण गर्नु, उद्योग संचालनका कानुनी तथा प्रशासनिक प्रक्रिया सरल बनाउनु तथा निजी क्षेत्रसँग नियमित संवाद आवश्यक रहेको औँल्याए ।

राष्ट्रिय जिडिपीमा मधेस प्रदेशको करिब १३ प्रतिशत योगदान रहेको उल्लेख गर्दै उहाँले उत्पादन, उद्योग, व्यापार तथा सेवा क्षेत्रको विस्तारविना प्रदेशको आर्थिक आकार बढ्न नसक्ने बताए ।

"प्रदेशको आर्थिक समृद्धिको आधार आर्थिक गतिविधि विस्तार हो," उनले भने, "उद्योग स्थापना, कृषि उत्पादनको व्यावसायिकीकरण, लगानीमैत्री वातावरण निर्माण तथा निजी क्षेत्रको सहभागिता बढाउन सके मधेसको जिडिपी उल्लेखनीय रूपमा वृद्धि गर्न सकिन्छ ।"

नेपाल राष्ट्र बैङ्कले गत कात्तिकमा सार्वजनिक गरेको 'मधेस प्रदेशको आर्थिक गतिविधिसम्बन्धी प्रतिवेदन' अनुसार आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा ६१ खर्ब सात अर्ब रहने अनुमान गरिएको छ भने मधेस प्रदेशको कुल गार्हस्थ्य उत्पादन आठ खर्ब चार अर्ब रहने अनुमान छ ।

सोही अवधिमा राष्ट्रिय अर्थतन्त्र ३.९९ प्रतिशतले वृद्धि हुने अनुमान गरिएकामा मधेस प्रदेशको आर्थिक वृद्धि ३.८८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । प्रतिवेदनअनुसार मधेस प्रदेशको अर्थतन्त्रमा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको

- बाँकी पृष्ठ ३ मा

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री